# सञ्चारपत्र


SANCHARPATRA DAILY

दैनिक



वैदेशिक रोजगार आयको उच्चतम सदुपयोग गरौं
त्रिवेणीको साथले उद्यमी बनौं।

पौरखीहरूका हातका लागि त्रिवेणीको साथ

- कृषिसँग सम्बन्धित उद्यमहरू गाईपालन, कुखुरापालन, भैंसीपालन, बाख्रापालन र तरकारी खेतीहरुका लागि रू. १ लाखसम्मको बिनाधितो कर्जा
- मासिक आय, उद्यम तथा परियोजनाको आधारमा कर्जा रकम निर्धारण गर्न सकिने
- सामुहिक जमानीमा प्रति व्यवसाय रू. ३ लाखसम्मको कर्जा
- साथै मत्स्यपालन, मौरीपालन जस्ता व्यवसायको लागि प्रति परिवार रू. ४ लाख रूपैयाँसम्मको कर्जा।

विस्तृत जानकारीका लागि त्रिवेणी विकास बैंकका शाखा कार्यालयहरू तथा

त्रिवेणी विकास बैंक लिमिटेड
मुख्य कार्यालय : भरतपुर, चितवन
फोन: ०५६-५२११००, ५२१८००, Ext. 32

आँट र जाँगरलाई सक्दैन कोही रोक्न
उद्यमी बन्ने तपाईको पाइला सक्दैन कोही छेक्न।



वर्ष १अङ्क ४८ पूर्णाङ्क ४८ | २०७० कात्तिक ४ गते सोमबार(21 Oct., 2013) | (पृष्ठ–४) मूल्य रु.३।– | (website : www.chitawan.com)


# चुनावी सुरक्षामा ओर्लियो सेना



**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ३ कात्तिक

संविधान सभा निर्वाचनमा सुरक्षा दिनको लागि चितवनमा पनि आइतबारदेखि नेपाली सेना र सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

चितवनका पाँच वटै निर्वाचन क्षेत्र र सुरक्षाको दृष्टिले संवेदनशिल मानिएका क्षेत्रमा नेपाली सेना र सशस्त्र प्रहरी परिचालन गरिएको चितवनका प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज शर्माले जानकारी दिए ।

आगामी मंसिर ४ मा हुने संविधानसभा निर्वाचनको मिति सुरू हुनुभन्दा एक महिनाअघिदेखि नेपाली सेना र सशस्त्र प्रहरीले सुरक्षा दिने योजना सरकारले बनाएअनुरुप यहाँका सवै निर्वाचन क्षेत्रमा सेना र सशस्त्र प्रहरी परिचालन गरि सुरक्षा दिन शुरू गरिएको प्रजिअ शर्माले बताए ।

जिल्लाभर समशेर दल गण भरतपुर ब्यारेकबाट नेपाली सेना परिचालन गरिएको छ । भरतपुर ब्यारेकका गणपति ज्योतेन्द्र महतका अनुसार हात्तीवाङ, लोथर, मेघौली र माडीको अयोध्यापुरी क्षेत्रमा नया पोष्ट खडा गरी सुरक्षा दिन नेपाली सेना खटाइएको छ । नेपाली सेनाले मतदान केन्द्रको बाह्य सुरक्षा मात्रै हेर्ने उनले बताए ।

निर्वाचनको आन्तरिक सुरक्षा भने नेपाल प्रहरीले गर्ने सरकारको निर्णय छ । मतदाता र अन्य सुरक्षा सशस्त्र प्रहरीले गर्ने भएकोले बाह्य सुरक्षाका लागि मात्रै सेना परिचालन गरिएको गणपति महतले जानकारी दिए । सुरक्षाका लागि एक निर्वाचन क्षेत्रमा कम्तिमा एक कम्पनी खटाइएको नेपाली सेनाले जानकारी दिएको छ । एक कम्पनीमा एक सय जना भन्दा बढी सैनिक रहने व्यवस्था छ । समशेर दल गणका गणपति महतका अनुसार जिल्लाका सबै निर्वाचन क्षेत्रमा भरतपुर ब्यारेकबाटै नेपाली सेना खटाइएको हो ।

यसअघि भएका चारवटा सुरक्षा पोष्टमा भने सैनिक संख्या मात्रै थपिएको छ । गणपति महतका अनुसार मुग्लिङ, दियालो बंगला आप्टारी, शक्तिखोरको गैरीबारी र सैनिक आवासीय महाविद्यालय चैनपुरमा भने सैनिक संख्या मात्रै थप गरिएको छ । हरेक गुल्मको कमाण्ड मेजरले गरेका छन् ।

सशस्त्र प्रहरी तर्फ भने जिल्लाको निर्वाचन क्षेत्र नं. १ र २ मा सशस्त्र प्रहरी गढीमाई गण, भण्डाराले सुरक्षा दिन थालेको छ । निर्वाचन क्षेत्र नं ३, ४ र ५ मा भने सीमासुरक्षा बल आँपटारीले सुरक्षा प्रदान गर्न सुरू गरेको छ ।

सीमा सुरक्षा बल आँपटारीले क्षेत्र नं. ३ का लागि जिल्ला निर्वाचन कार्यालय, क्षेत्र नं. ४ का लागि शारदानगर र क्षेत्र नं. ५ का लागि जगतपुरमा बेस क्याम्प खडा गरी सुरक्षा दिन सुरू गरेको छ । सशस्त्र प्रहरीको एउटा बेस क्याम्पमा ४५ जना राखिएको छ । गढिमाई गण, भण्डाराले क्षेत्र नं. १ को वीरेन्द्रनगर गाउँ विकास समितिमा प्रहरी नायब उपरीक्षक र क्षेत्र नं. २ को रत्ननगर नगरपालिकामा प्रहरी निरीक्षकको नेतृत्वमा सुरक्षा व्यवस्था मिलाइएको जनाएको छ ।

यसैगरी, जिल्ला कारागार, भरतपुर विमानस्थल र नेपाल टेलिकममा शनिबार देखि नै नेपाली सेनाले सुरक्षा दिन शुरू गरेको छ । यसअघि भरतपुर विमानस्थलमा र जिल्ला कारागारमा नेपाल प्रहरीको सुरक्षा रहँदै आएको थियो । प्रजिअ नरेन्द्रराज शर्माले संविधानसभा निर्वाचन अवधिभरको लागि नेपाल प्रहरी हटाइ नेपाली सेनालाई सुरक्षामा खटाइएको बताए ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने प्रयोजनका लागि आइतबारदेखि मुलुकभर सेना परिचालन भएको हो । सेनाले निर्वाचनमा सुरक्षा घेराको बाहिरी तहमा रहेर सुरक्षाको महत्वपूर्ण जिम्मेवारी सम्हाल्नेछ ।

सुरक्षित र भयरहित वातावरणमा निर्वाचन कार्यलाई सम्पन्न गर्न मतदानको तीन दिनअघि मतदान केन्द्र नजिक रणनीतिक विन्दु कायम गरी सुरक्षा प्रबन्धसहित सेना परिचालन हुनेछ । यसका अतिरिक्त सेनाले आपत्कालीन उद्धार, जगेडा जनशक्ति परिचालन, हेलिकप्टरको व्यवस्थापन, मतपेटिका र मतपत्र ढुवानी, हवाई वेस क्याम्प स्थापनालगायतका काममा पनि महत्वपूर्ण भूमिका खेल्नेछ ।

आगामी संविधानसभाको निर्वाचनका लागि नेपाली सेनाले ६२ हजार जनशक्ति परिचालन गर्ने जनाएको छ । निर्वाचनका लागि प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्न, खटिएर जाने सेनाले स्थानीयस्तरमा अन्य सुरक्षा निकायसँग नजिकको सम्पर्क र समन्वयमा रही सैनिक सङ्गठनात्मक स्वरूपअनुसार परिचालित भई दिएको जिम्मेवारी सफलताका साथ पूरा गर्ने नेपाली सेनाका प्रवक्ता जगदीशचन्द्र पोखरेलले बताए । हवाई जहाजबाट पुग्नुपर्ने केही हिमाली र पहाडी जिल्लाबाहेक अधिकांश जिल्ला र निर्वाचन क्षेत्रमा नेपाली सेना आइतबार देखि परिचालन भइसकेको बताउँदै प्रवक्ता पोखरेलले बाँकी क्षेत्रमा पनि एक दुईदिन भित्रै परिचालन हुने जानकारी दिएका छन् ।

# पत्रकार खेदेर एसएसपीले म्यादीलाई दिए निर्देशन

**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ३ कात्तिक

आगामी मङ्सिर ४ मा हुने संविधानसभा निर्वाचनका लागि चितवनमा भर्ना गरिएका म्यादी प्रहरीलाई आइतबार नारायणी अञ्चल प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सर्वेन्द्र खनालले कर्तव्यनिष्ठ भएर कार्यक्षेत्रमा जुट्न निर्देशन दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय, चितवनको हातामा भेला गरिएका म्यादी प्रहरीलाई निर्देशन दिन खनाल आएपछि 'आन्तरिक ब्रिफिङ' भन्दै प्रहरी कार्यालयभित्र रहेका पत्रकारहरूलाई तस्वीर समेत लिन नदिई बाहिर पठाइएको थियो । पत्रकारहरूलाई बाहिर पठाएर जिल्ला प्रहरी कार्यालयको खुला चौरमा प्रहरी वरिष्ठ उपरीक्षक खनालले म्यादी प्रहरीहरूलाई निर्देशन दिएर फर्किए ।जबकि जिल्ला प्रहरी कार्यालयभित्रको सम्पूर्ण गतिबिधि बाहिरबाट सजिलै देख्न सकिन्छ ।

निर्देशनको क्रममा कार्यालयको मुलगेट अगाडिबाट हिंडेका र अडिएर सुन्दै गरेका सर्वसाधारणलाई प्रहरीले सिठ्ठी फुक्दै खेदेको थियो । तर लाउड स्पिकर लगाएर भित्र दिइरहेको निर्देशन टाढा सम्म प्रष्टै सुनिन्थ्यो । सर्वसाधारणले प्रहरीको रवैयाप्रति असन्तुष्टी पोखिरहेका थिए ।



प्रहरी अधिकारीले म्यादी प्रहरीलाई निर्देशन दिंदै गरेको सडकबाट हेर्दै सर्वसाधारण र उनीहरूलाई हटाउँदै प्रहरी (दायाँ)। तस्वीर : सञ्चारपत्र

प्रहरी वरिष्ठ उपरीक्षक खानलले म्यादी प्रहरीहरूको सेवा र सुविधाको बारेमा ब्रिफिङ दिनुका साथै म्यादी प्रहरीहरू अब सर्वसाधरण नभएर प्रहरीको हैसिएतमा रहेको बताए । 'आजसम्म जुनसुकै पार्टीको झण्डा बोकेर हिँडेको भएपनि अबदेखि तटस्थ भएर राष्ट्रको सेवामा लाग्नुहोला' खनालले म्यादी प्रहरीहरूलाई निर्देशन दिंदै भने ।

असोज ३१ गते देखि लागू हुने गरि निर्वाचन अवधिभरको लागि आइतबार म्यादी प्रहरीहरूलाई नियुक्ती पत्र दिइएको छ । म्यादी प्रहरीहरूको तालिम सोमबारदेखि दुईहप्तासम्म हुने प्रहरी निरीक्षक सूर्यकुमार श्रेष्ठले जानकारी दिए । चितवनबाट म्यादी प्रहरीमा भर्ना भएका पुरूषहरूको जिल्ला प्रहरी कार्यालय, मकवानपुर र महिलाहरूको जिल्ला प्रहरी चितवनमा नै तालिम हुने श्रेष्ठले बताए । उनका अनुसार चितवनबाट ८० महिला सहित पाँच सय १४ जना म्यादी प्रहरी छनौट गरिएको छ ।

# उम्मेदवार पार्टी नै छोडेर पाण्डेको पक्षमा

भरतपुर, ३ कात्तिक । चितवन क्षेत्र नं. ५ का एक उम्मेदवारले आफ्नो पार्टी नै परित्याग गरी अर्को पार्टीमा प्रवेश गरेको घोषणा गरेका छन् ।

नेपाल राष्ट्रिय विकास पार्टीबाट क्षेत्र नं. ५ मा उम्मेदवारी दिएका तेजकुमार श्रेष्ठ (राजु) ले पार्टीप्रति चित्त नबुझेको भन्दै आइतबार पार्टी छाडेको घोषणा गरेका हुन् । उनले आफू राप्रपामा प्रवेश गरेकोसमेत बताएका छन् ।

अब आफूले राप्रपाका ५ नं. क्षेत्रका उम्मेदवार एवम् राप्रपाका केन्द्रीय महामन्त्री विक्रम पाण्डेलाई सहयोग गर्ने पनि श्रेष्ठले बताए ।

नेपाल राष्ट्रिय विकास पार्टीले आफ्नो स्वार्थ पूर्तिका लागि काम गरेको श्रेष्ठको आरोप छ । चितवनमा संविधानसभा निर्वाचनमा एक सय १५ जनाले उम्मेदवारी दिएका छन् । जसमा ११ जना स्वतन्त्र उम्मेदवार छन् ।

# मोटरसाइकल जुध्दा चार घाइते

**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ३ कात्तिक

जिल्ला प्रहरी कार्यालय, चितवन नजिकै भरतपुर–१० हस्पिटल रोडमा आइतबार दिउँसो तीनवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा चार युवा घाइते भएका छन् ।

चौबिसकोठीबाट मालपोत चोकतर्फ जाँदै गरेका बा ४२ प ८६६४ र ना १९ प १८०५ नम्बरको मोटरसाईकल र मालपोतचोकबाट चौबिसकोठी तर्फ जाँदै गरेको ना २१ प ७५४४ नम्बरका मोटरसाइकल एक आपसमा ठोक्किएका जिल्ला प्रहरी कार्यालय, चितवनले जानकारी दिएको छ ।

दुर्घटनामा परि बा ४२ प

(बाँकी दुई पृष्ठमा)

# शल्यक्रियाकै क्रममा सुत्केरीको मृत्यु

## शिशुको अवस्था भने सामान्य

**सञ्चारपत्र सम्वाददाता**
भरतपुर, ३ कात्तिक

अस्पतालमा सुत्केरी हुन आएकी एक महिलाको शल्यक्रियाको क्रममा ज्यान गएको छ । भरतपुर सामुदायिक अस्पतालमा शल्यक्रिया मार्फत सुत्केरी गराउने क्रममा पूर्वी चितवनको जुटपानी गाविस वडा नम्वर– १ घर भएकी ३० वर्षिया कोपिला गिरीको ज्यान गएको हो ।

शल्यक्रियाको क्रममा रक्तचाप बढ्न गइ आन्तरिक रक्तश्राव भएपछि कोपिलाको मृत्यु भएको अस्पतालले जनाएको छ । स्त्री तथा प्रशुती रोग विशेषज्ञ डा. सुनिलमणी पोखरेलले उनको शल्यक्रिया गरेका थिए । शल्यक्रियाको क्रममा शनिबार राती दुई बजे उनको ज्यान गएको अस्पतालले जनाएको छ ।

आन्तरिक रक्तश्राव बढेपछि सघन उपचार कक्षमा लैजाने तयारी गरिरहदा गिरीको ज्यान गएको अस्पतालका सञ्चालक समिति सदस्य विष्णु शर्माले जानकारी दिए । शल्यक्रियाबाट जन्मिएको शिशुको अवस्था भने सामान्य रहेको जनाईको छ। शिशुलाई हाल भरतपुर सामुदायिक अस्पतालमा नै राखिएको छ ।

आमाको मृत्यु भएपछि उनका आफन्तहरूले चिकित्सकको लापरबाही भएको भन्दै अस्पतालमा धर्ना दिएका थिए । धर्नापछि अस्पताल प्रशासन र मृतकका आफन्तबीच भएको वार्तामा तत्कालका लागि ५० हजार रुपिया किरिया खर्च दिने मौखिक सहमती भएको छ ।

त्यसैगरी, मृतकका छोराछोरीको लागि अस्पतालले निःशुल्क उपचार गरिदिने पनि सहमती भएको छ ।

अस्पतालका सञ्चालक समिति सदस्य शर्माका अनुसार कोपिलाका बालबालिकाको लागि अक्षय कोषको पनि व्यवस्था गर्ने मौखिक सहमती भएको छ । यद्यपी, कति रकमको अक्षय कोष राखिने भन्नेबारे भने यकिन भएको छैन ।

मृतकका आफन्तका अनुसार उनको तेस्रो पटकको गर्भ थियो । अघिल्ला दुई पटक सुत्केरी हुदा पनि शल्यक्रिया गरिएकोले उनको स्वास्थ्य संवेदनशील थियो । तर, डाक्टरले शल्यक्रियाको क्रममा सावधानी नअपनाएको उनीहरूको आरोप छ ।

मृतकका आफन्त र स्थानीयले आइतबार केहीबेर अस्पताल घेरेका थिए । जिल्ला प्रहरी कार्यालय, चितवनबाट गएको प्रहरी टोलीले आइतबार दिनभर अस्पतालमा सुरक्षा दिएको थियो ।


Affiliated to Pokhara University

Admission now Open! for 4th batch

BE CIVIL Bachelor Degree in Civil Engineering

BE Electrical & Electronics

Features:
- Excellent Faculty members
- Excellent infrastructures
- Student Friendly atmosphere
- Located at the heart of the city

Entry Requirement:
- +2 in Science [Math, Bio]
- Diploma in Engineering or Equivalent with 45% or above

Engineering College 1st in Narayani



Online application form open | www.unitedtechnicalcollege.edu.np

UNITED TECHNICAL COLLEGE [U-TEC]
Samanwaya Tole, Bhojad, Bharatpur-11, Chitwan, Nepal
Phone: 056-527982, 526331, 9855050860, 9855063794
Kathmandu: Near PEA, Thapathali, Phone: 01-4100554, 9802031986
Notice Board No.: ☎1618056527982
Email: unitedtechnicalcollege@gmail.com | www.unitedtechnicalcollege.edu.np






सुरेन्द्र पाण्डे
चितवन क्षेत्र नं. १



कृष्णप्रसाद खनाल
चितवन क्षेत्र नं. २



कृष्णभक्त पोखरेल
चितवन क्षेत्र नं. ३



पार्वती रावल
चितवन क्षेत्र नं. ४



दानबहादुर तामाङ
चितवन क्षेत्र नं. ५

राष्ट्रिय एकता र संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरौं । सूर्य चिन्हमा मतदान गरी नेकपा(एमाले)का उम्मेदवारहरुलाई अत्यधिक बहुमतले बिजयी गराऔं ।

केदार आचार्य
सदस्य
सेन्ट्रल युथ फोर्स

सञ्चारपत्र
SANCHARPATRA DAILY
दैनिक

ऋण गरिबीको अनुहार हो ।
–थोमस फुलर

## सम्पादकीय

# दुर्घटना न्यूनिकरणमा सजग रहौँ

*देशको पूर्व–पश्चिम आवागमनको केन्द्रभाग र राजधानी प्रवेश गर्ने मुख्य नाकाको रूपमा रहेको चितवन जिल्लाका सडकमा वर्षेनी सानाठूला कैयौँ दुर्घटना भइरहन्छन् । दुर्घटनामा वर्षेनी दर्जनौंले ज्यान गुमाउने गरेका छन् भने धेरै मानिस घाइते र अङ्गभङ्ग हुने गरेका छन् । चितवनमा पर्ने पूर्व–पश्चिम राजमार्ग, जोखिमपूर्ण नारायणगढ–मुग्लिङ सडक खण्ड तथा पृथ्वी राजमार्गमा प्रायः दैनिक जसो ठूलासाना सवारी दुर्घटना भइरहेको हुन्छन् । चितवन जिल्लाभित्र बढेको सडक तथा यातायातको सुगमता र सवारी साधनहरूमा भइरहेको बृद्धिले पनि दुर्घटनाका घटनाहरू बढ्दै गएको पाइएको छ । दुर्घटनामा वर्षेनी जनधनको ठूलो क्षति भइरहेको छ । सवारी दुर्घटनाले कयौंको सुन्दर घरपरिवार उजाड बनाइदिएको छ, कतिले आफ्ना सन्तान गुमाउनुपर्दा जीवनभर पीडाको अनुभूति गरिरहनुपरेको छ । तर पनि त्यस्ता दुर्घटना दोहोरिइरहेका छन् ।*

*दशैंको दिन गएको असोज २८ गते काठमाडौँ जाने गरेको एउटा माइक्रोबस पृथ्वी राजमार्गको फिस्लिङबाट त्रिशुली नदीमा खस्दा तीनजनाको ज्यान गयो भने १२ जना अझै हराइरहेका छन् । उक्त दुर्घटनामा नौ जना घाइते भएका छन् । चितवनको राजमार्ग तथा सडक खण्डभित्र वर्षेनी हुने सवारी दुर्घटनाको यसलाई एउटा प्रतिनिधि घटनाको रूपमा लिन सकिन्छ । हराइरहेका यात्रुहरू तथा माइक्रोबसको खोजीका लागि सुरक्षा निकाय परिचालन भएको भएपनि छ दिनसम्म खोजी गर्दा पनि कुनै पत्तो नलागेपछि खोजी कार्य स्थगित गरिएको छ । खोजी कार्यमा खासगरि सशस्त्र प्रहरीको विपत व्यवस्थापन तालिम केन्द्र, कुरिनटारले गरेको प्रयास सराहनीय देखियो । हराइरहेकाहरूको कुनै पत्तो नलाग्दा पीडित परिवारहरूमा झन् पीडा थपिएको छ । त्यसैले पनि उनीहरूको खोजी कार्यमा प्रशासनले थप चासो दिनु आवश्यक छ ।*

*दुर्घटना भइसकेपछि समयमै उद्धारमा लाग्नु एउटा पक्ष हुन्छ भने सकेसम्म दुर्घटना हुन नदिने र दुर्घटनालाई न्यूनिकरण गर्नेतर्फ सतर्क रहनु अर्को महत्वपूर्ण पाटो हो । दुर्घटना हुन नदिने विषयमा यातायात चालक, यातायात व्यवसायी, प्रहरी प्रशासन, यात्रु सबैको महत्वपूर्ण भूमिका रहन्छ । यद्यपी कानुनको पालना गर्ने र गराउने बढी जिम्मेवार हुन्छन् नै । दुर्घटना न्यूनिकरणका लागि विगतका दुर्घटनाका कारणहरूको विश्लेषण गरि आगामी दिनका लागि योजना बनाउन आवश्यक छ । दुर्घटना शुण्यको अवस्था आउन कति सम्भव होला ? तर चालक, व्यवसायी र प्रहरी प्रशासन जति बढी सजग र जिम्मेवार बन्न सक्यो मानवीय तथा प्राविधिक कमजोरीको कारणबाट हुने दुर्घटना न्यूनिकरण गर्न उति नै सम्भव छ । कम्तीमा पनि राजमार्ग र जोखिमपूर्ण सडकहरूको मर्मत सम्भार समयमै गर्ने, चालकहरूलाई बेला बेलामा पुनर्ताजगी गरिरहने, अनुशासित र संयमित रहने किसिमका कक्षाहरूमा सहभागी गराइरहने, उनीहरूको नियमित स्वास्थ्य जाँच गरिरहने, दक्ष प्राविधिकहरूबाट सवारी साधनको नियमित चेकजाँच गर्ने अनिवार्य व्यवस्था गर्ने, प्रहरीले कडाइका साथ नियमको पालना गर्न लगाउने जस्ता कार्यमा ध्यान दिइयो र त्यसमा यातायात व्यवसायीको सहभागिता र सहयोग भयो भने दुर्घटना न्यूनिकरणमा अवश्यै सहयोग पुग्नेछ ।*

सञ्चारपत्र दैनिकमा समसामयिक विषयमा लेख रचना पठाउनुहुन अनुरोध छ । लेख रचना हाम्रो इमेल ठेगाना esancharpatra@gmail.com मा पठाउन सक्नु हुनेछ ।
स्तरीय लेख रचनालाई स्थान दिईने छ । सं.

# मतदानको कुशल व्यवस्थापन : मतदाताको अधिकार


मुकुन्द दहाल

***प्रचार सम्बन्धी सामान्य आचरणका बुँदाहरूको पालनाका क्रममा केही विवाद आउन सक्छ । एकाध ठाउँमा त्यस्ता विवाद पनि उठाइएका थिए । यस सन्दर्भमा उठाउन खोजिएको पहिलो सवाल हो कुनै दल, उमेदवार, वा दल र उमेदवारसँग आबद्ध नेता कार्यकर्ताले एक अर्कालाई वा एक अर्काको कार्यलाई वा व्यवहार र आचरण वा निर्णयहरूलाई आलोचना गर्ने क्रममा आचारसंहिताको उल्लंघन गर्न मिल्दैन । प्रचार सम्बन्धी सामान्य आचरण शीर्षकमा यस्ता खाले उल्लंघन नहोस् भनेर उनीहरूले पालना गर्नुपर्ने आचारसंहिता उल्लेख गरिएको छ । जसमा कुनै पनि दल, उमेदवार तथा सम्बन्धित पक्षले अर्को दलको नीति, कार्यक्रम वा विगतको कामको आलोचना गर्दा दल, नेता, उमेदवारको सार्वजनिक कामसँग सम्बन्धित बिषयमा मात्र आलोचना गर्न पाईन्छ । तर सार्वजनिक कामसँग सम्बन्धित नभएका वा निजी जीवनसँग सम्बन्धित बिषयमा आलोचना वा टिका टिप्पणी गर्न पाईदैन ।***

अर्को पटक हुन लागिरहेको संबिधान सभा निर्वाचनको दिन आउन अब ३० दिन बाँकी छ । निर्वाचनमा सहभागी सबै दलहरू आफ्ना उम्मेदवार र निर्वाचन चिन्ह लिएर जनताको घर दैलोमा गैरहेका छन् । एक दुई दिन भित्र सबै दलहरूले घोषणा पत्र वा प्रतिबद्धता पत्र पनि सार्वजनिक गरिसक्नेछन् । नयाँ दलहरू उम्मेदवार,मनोनयनको घोषणा पत्र वा प्रतिबद्धता पत्रका साथमा जनतासँग मत माग्दै छन् । गत निर्वाचनमा दलहरू भने पार्टीले विगतमा गरेका कामहरूसमेतलाई आधार बनाएर मत मागीरहेका छन् । उमेम्दवारी दर्ता गरेको दिनदेखिनै औपचारिक प्रचार प्रसार प्रारम्भ भैसकेको थियो । धान भित्र्याउने मौसम र दशैंको बीचको समय मतदाता व्यस्त हुने समय भएपनि दलका कार्यकर्ता तथा उम्मेदवारहरूले सो समयलाई पनि मेहनतपूर्वक मतमाग्ने र प्रतिबद्धता गर्दै मतदातालाई प्रभावित पार्न उपयोग गरे र गर्दै छन् । साथसाथै औपचारिक अनौपचारिक क्रियाकलाप सञ्चालन गर्ने क्रममा दलका नेता कार्यकर्ता तथा उम्मेदवारहरूलाई आचार संहिताको पालना गर्ने बिषय पनि प्रमुख सरोकारको बिषय भएको छ ।

यसै सन्दर्भमा छिट्फूट रूपमै भएपनि दलका कार्यकर्ता तथा उमेदवारहरू अर्को दल तथा उम्मेदवारले आचारसंहिता बिपरित काम गरेको भनेर टिप्पणी गर्ने र निर्वाचन कार्यालय तथा हामी पर्यवेक्षकको पनि ध्यानाकर्षण गराउने क्रम शुरू भएको छ । पार्टीका नेता, उम्मेदवार तथा कार्यकर्तासमेत आचारसंहिताको सवालमा सकारात्मक रही आवश्यक जानकारी लिने दिने गरिरहेका छन् । पालना गर्ने प्रतिबद्धता पनि सबैले गरेकै छन् । तर, आचारसंहिताको कतिपय बुँदाहरूको व्याख्या तथा कार्यान्वयनको सम्बन्धमा कतिपय अस्पष्टता समेत पाइएकोले जिल्ला निर्वाचन कार्यालयले समेत क्षेत्रीय निर्वाचन कार्यालयमा सम्पर्क गरी थप बुझ्न अनुरोध गरेको छ । यस्तो अवस्थामा निर्वाचन आचार संहितालाई सबैले राम्ररी बुझ्नु र पालना गर्नु गराउँनु आवश्यक रहेको महसुस गरी निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय सम्पन्न गर्न सहयोग पुगोस भनी यो लेख तयार गरिएको हो ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय सम्पन्न गर्न राजनीतिक दलसमेतको परामर्शमा संबिधान सभा निर्वाचन आचारसंहिता २०७० जारी भएको हो । सो आचारसंहिता निर्वाचनको प्रक्रियामा संलग्न हुने पक्षहरूको भूमिकालाई स्वस्थ, मर्यादित र निर्वाचन कानुन अनुकुल बनाउन जारी भएको हो । त्यसैले दल तथा उमेदवारहरू, निर्वाचनमा खटिने कर्मचारीहरू, निर्वाचनमा सुरक्षा दिने सुरक्षा कर्मी तथा सुरक्षा प्रशासन, निर्वाचनको पर्यवेक्षण गर्ने पर्यवेक्षकहरू, पत्रकारहरू, गैरसरकारी वा तथा सामाजिक संस्थाहरूले यस अवधि र प्रक्रियामा पालना गर्नुपर्ने नियमहरूको संगालो नै आचार संहिता हो ।

यस लेखमा आचारसंहिताको समग्र पक्षमा नभै निर्वाचन प्रक्रियामा सामेल हुने प्रमुख पात्र दल तथा उमेदवारहरूले सञ्चालन गर्ने क्रियाकलापबाट उल्लंघ हुन सक्ने सम्भावना भएका वा सम्बन्धीत पक्षहरूले पालनामा बढी ध्यान दिनुपर्ने पक्षहरूमा चर्चा गरिएको छ । अन्य पक्षले पालना गर्नुपर्ने आचारसंहितालाई अर्को लेखमा प्रस्तुत गरिने छ ।

निर्वाचन तथा आन्दोलनहरूको दुई दशक लामो पर्यवेक्षणको अनुभव तथा विगतका निर्वाचनहरूमा देखिएका प्रबृत्तिहरूको आधारमा हाल जारी आचारसंहिता लागु हुनेक्रममा आउन सक्ने समस्या तथा चुनौतीहरूलाई संकेत गर्नको लागि यो लेख मार्फत यी बिचारहरू प्रस्तुत गरिएको हो । यस लेखमा राजनीतिक दल, उमेदवार र राजनीतिक दल तथा उमेदवारसँग सम्बन्धीत व्यक्तिहरूले पालना गर्नुपर्ने नियमहरूलाई उल्लेख गरिएको छ । आचार संहिताको पालनाको क्रममा विवाद हुन सक्ने वा आउन सक्ने बुँदाहरूको कार्यान्वयनमा सजगता अपनाउन सम्बन्धीत दल, उमेदवार तथा दल र उमेदवार सम्बद्ध व्यक्तिहरूलाई सहयोग पुगोस भनेर यस बिषयलाई छलफलमा ल्याइएको हो ।

प्रचार सम्बन्धी सामान्य आचरणका बुँदाहरूको पालनाका क्रममा केही विवादहरू आउन सक्छ । एक आध ठाउँमा त्यस्ता विवाद पनि उठाइएका थिए । यस सन्दर्भमा उठाउन खोजिएको पहिलो सवाल हो कुनै दल, उमेदवार, वा दल र उमेदवारसँग आबद्ध नेता कार्यकर्ताले एक अर्कालाई वा एक अर्काको कार्यलाई वा व्यवहार र आचरण वा निर्णयहरूलाई आलोचना गर्ने क्रममा आचारसंहिताको उल्लंघन गर्न मिल्दैन । प्रचार सम्बन्धी सामान्य आचरण शीर्षकमा यस्ता खाले उल्लंघन नहोस भनेर उनीहरूले पालना गर्नुपर्ने आचारसंहिता उल्लेख गरिएको छ । जसमा कुनै पनि दल, उमेदवार तथा सम्बन्धीत पक्षले अर्को दलको नीति, कार्यक्रम वा विगतको कामको आलोचना गर्दा दल, नेता, उमेदवारको सार्वजनिक कामसँग सम्बन्धीत बिषयमा मात्र आलोचना गर्न पाईन्छ । तर सार्वजनिक कामसँग सम्बन्धति नभएका वा निजी जीवनसँग सम्बन्धीत बिषयमा आलोचना वा टिका टिप्पणी गर्न पाईदैन । निजी जीवन निजी हो जवसम्म यसले सार्वजनिक सरोकारको बिषयसँग सम्बन्ध हुँदैन ।

आचारसंहितामा उल्लेख गरिएको यस सम्बन्धी अर्को महत्वपूर्ण सवाल हो प्रचार प्रसारको क्रममा लैंगिक हिंसालगायत कुनैपनि खाले हिंसालाई प्रोत्साहन हुने गरी गर्नु हुँदैन । अर्थात कुनै दल, उमेदवार तथा दल र उमेदवार सम्बद्ध व्यक्तिहरूले निर्वाचन प्रचार प्रसार गर्ने क्रममा कुनै पनि खाले हिंसालाई प्रोत्साहित गर्नेगरी गर्न हुदैन भन्ने आचारसंहिताको मनसाय हो । निर्वाचन प्रचार प्रसार आमसभा वा सभामा वा कार्यकर्ताहरूलाई निर्देशन वा परिचालन गर्ने क्रममा हिंसा भड्कने अवस्था नआओस भनी दल, उमेदवार वा दल तथा उमेदवार सम्बद्ध व्यक्तिहरू सचेत हुनुपर्दछ । अर्कोतिर लैंगिक हिसावले महिलाहरूलाई अपमान गर्ने मनसायले हेप्ने मनसाय वा दुरासयले वा कमजोर हुन भनेर वा अरू कुनैपनि आसय राखी अपमान हुने वा आत्मसम्मानमा चोट वा क्षति पुग्ने गरी निर्वाचन प्रचार प्रसार गरिनु हुदैन ।

## अधिकार संचेतना

प्रचार सम्बन्धमा आचारसंहितामा उल्लेखित तेस्रो महत्वपूर्ण बिषय हो जुलुश, आमसभा, तथा प्रचार प्रसारका सामाग्रीहरूको प्रयोग सम्बन्धी आचरण । यस सम्बन्धमा कुनै जुलुश तथा आमसभा आयोजना गर्दा २४ घण्टा अगावै प्रहरी प्रशाशनको अनुमति लिने, मिति, समय र स्थान परिवर्तत गर्दा ती निकायहरूमा जानकारी गराउने कार्यलाई इमान्दारीपूर्वक पालना गरिनुपर्दछ । एक अर्काका कार्यक्रमहरू नजुध्न र दलहरूको बीचमा समझदारी राम्रो रहोस तथा अनावश्यक तनावको अवस्था नआओस भनेर आचारसंहितामा यो बुँदा राखिएको हो जसको पालनाबाट भयरहित वातावरण बन्न सहयोग पुग्दछ ।

यस सम्बन्धमा केही कार्यक्रम तथा भेटघाटको क्रममा कतिपय उमेदवारहरूले चुनाब चिन्हसहितको झोला वा उमेदवारको संकेत सामाग्री प्रयोग गर्न नपाउने भन्ने आचार संहितामा उल्लेख गरिएको बिषयलाई निकै आलोचना गरेका छन् । उमेदवार हो भनेर परिचय पनि गराउन नपाउँने हो भने यो त अति भो भन्ने उनीहरूको बुझाईरहेको छ । त्यस्तै प्रचार जुलुश कस्ता प्रकारका गर्न हुने नहुनेमा दल तथा उमेदवार मात्र हैन निर्वाचन कार्यालयका पदाधिकारहरूमा पनि केही अस्पष्टता देखिन्छ । त्यसैले यस्तो अस्पष्टता तत्काल अन्त्य गर्न छलफल चलाई स्पष्टता हाँसिल गरी बुझाईमा एकरूपता ल्याईहाल्नुपर्दछ । अन्यथा एउटै प्रकृतिको कार्यक्रम कसैले गर्ने कसैले नगर्ने परिस्थिति हुँदा विवादले जटिल रूप लिनसक्छ । त्यस्तै माईकको प्रयोग पनि विवादास्पद भएको छ । घरदैलो गर्दै मत माग्ने प्रक्रियामा माईकको प्रयोग भएको, विवाद पछि रोकिएको आदि जानकारीहरू पनि आएका छन् त्यसैले यस सम्बन्धमा सबै उमेदवार तथा दलहरूको बीचमा एकरूपता कायम गर्न गराउन सम्बन्धीत पक्ष सक्रिय भैहाल्नु पर्दछ ।

निर्वाचन प्रचार लगायतका प्रक्रियामा बालबालिकाहरूको प्रयोग हुन सक्ने सम्भावनालाई रोक्न आचारसंहितामा जुलुश, सभा, बैठक, र्‍याली, भेला आदिमा बालबालिकालाई प्रयोग गर्न नपाईने उल्लेख गरिएको छ । दलहरूले बालबालिकालाई प्रयोग गर्न मात्र नहुने होईनकी उनीहरूले स्वतःफूर्तरूपमा जनाउने सहभागितालाई पनि सचेतनतापूर्वक उनीहरूमाथि हुन सक्ने जोखिम बारेमा सचेत गराई सहभागिता नहुने अवस्था सिर्जना गर्नुपर्दछ ।

अतिनै विवादको सम्भावना भएको बिषय हो निर्वाचनको दिन प्रयोग हुनसक्ने सवारी साधन । आचारसंहितामा मतदानको दिन मोटरसाईकलमा समेत मतदातालाई ओसार पसार गर्न नपाईने भन्ने व्यवस्था भएको हुँदा यसको पालना कसरी हुनसक्छ भन्ने तर्फ सबै पक्ष सचेष्ट हुनु आवश्यक रहेको छ । तर असक्तहरूको लागि मतदानको दिन मतदान अधिकृतले तोकेको सवारी साधन प्रयोग गर्न पाउने व्यवस्था रहेको छ । यदि दल तथा उमेदवारहरूको बीचमा जिल्लास्तरमा तथा सम्बन्धीत ठाउँहरूमा यस साधनको प्रयोगको सम्बन्धमा एकरूपता हुनेगरी सहमती नगर्ने हो भने थुप्रै ठाउँमा विशेषगरी सवारी साधन चल्ने ठाउँहरूमा विवादहरू आउन सक्ने प्रष्ट सम्भावना देखिन्छ । विवादको बिषय भनेको अशक्त मात्रै वा शक्तहरूलाई पनि सो साधनको प्रयोग गरेर ओसार पसार गरिन्छ भन्ने नै हुनेछ । अर्थात अशक्तको पहिचान र समझदारी स्थानीय मतदान केन्द्र स्तरमा कसरी गर्ने र कसरी सक्षमहरूलाई सो सुबिधा दुरूपयोग गर्न नदिने भन्ने बिषयमा दलहरू तथा उमेदवारहरूमा आम सहमती बनाउँन मतदान अधिकृतहरूले प्राथमिकताका साथ लाग्नुपर्दछ । यसको लागि जिल्लास्तरमा निर्वाचन कार्यालय, राजनीतिक दल, सुरक्षा निकाय र अन्य आवश्यक पक्षहरूको आपसी छलफल तथा समझदारीमा ती विवाद उत्पन्न नहुनेगरी समझदारी कायम गरिनु अतिनै जरूरी देखिन्छ विगतमा घरमूलीसँगै एउटै परिवारसँग सम्बन्धीत सबै मतदाताको नामावली एकै ठाउँमा राखिने गरिएकोले परिवारका सबै जना एकै लाईनमा उभिएर पालो कुर्दै मतदान गर्ने व्यवस्था भएकोले केही सरलता मानिएको थियो ।

र, अन्त्यमा जरूरी महत्वको सन्दर्भमा जिम्मेवार निकाय वा पक्षहरूको ध्यानाकर्षण गरौं । यसपाली संबिधान सभा निर्वाचनको मतदाता नामावली वर्णानुक्रमअनुसार तयार गरिएकोले एउटै परिवारका मतदाताको नामावली फरक फरक पृष्टमा रहेको छ । यसले गर्दा एउटै घरमा रहेका मतदाताले फरक फरक लाईनमा बस्नुपर्दा एकातिर बिगतमा भन्दा केही समस्या मतदाताले भोग्नुपर्ने अवस्था रहेको छ भने अर्कोतर्फ एकै परिवारमा रहेका मतदाताको विवरण फरक फरक पृष्ठमा भएकोले मतदानको दिन सामान्य प्रक्रियाबाट मतदाताको नामावली पत्ता लगाउन बिगतमा भन्दा निकै समय लाग्दछ । जसले गर्दा मतदान प्रक्रिया बिगतमा भन्दा लामो हुने वा बढी समय लाग्ने हुनाले कठिनाईहरू थपिने छन् । त्यसैले यसको सरलीकरणको लागि पूर्व तयारी र आम सहमती सबै भन्दा महत्वपूर्ण कार्यसूचि हो भन्ने कुरालाई सबैले आत्मसात गर्नु अति जरूरी रहेको छ । जिम्मेवार पक्षहरूले समयमै यसलाई समाधान गर्नेतर्फ पहल गर्न सक्षम हुनेछन भन्ने शुभकामना ।

## एनआरएनएमा घले र शेर्पाको भिडन्त

काठमाडौँ, ३ कात्तिक । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को छैटौं अन्तर्राष्ट्रिय महाधिवेशनअन्तर्गत आइतबार साँझ नयाँ नेतृत्वका लागि मतदान भएको छ ।

सङ्घको अध्यक्षका लागि शेष घले र तेन्जी शेर्पाको उम्मेदवारी परेको छ । शेर्पा सङ्घका पूर्व महासचिव र घले सङ्घका एक अभियानकर्ता हुन् । अध्यक्षका अन्य प्रत्यासी रामप्रताप थापा, रामेश्वर शाह र हितमान गुरूङले उम्मेदवारी फिर्ता लिएपछि दुई जनाबीच प्रतिस्पर्धा भएको हो । मतदान सकिएपछि भोलि बिहानसम्ममा मत परिणाम सार्वजनिक हुने भएको छ । नेतृत्व चयन गरेपछि सोमबार र मङ्गलबार यहाँ छैटौं गैरआवासीय नेपाली विश्व सम्मेलन हुनेछ । राष्ट्रपति डा रामवरण यादवले विश्व सम्मेलनको उद्घाटन गर्ने कार्यक्रम छ ।

महाधिवेशनमा ५० मुलुकबाट एक हजार तीनसय भन्दा बढी प्रतिनिधि सहभागी छन् । विश्वका ६५ मुलुकमा सङ्घको राष्ट्रिय परिषद् गठन भइसकेको छ । एक दशकअघि सङ्घ स्थापना भएको हो । बन्द सत्रले सङ्घलाई कानुनी दर्ता गर्ने गरी विधान संशोधन प्रस्ताव पनि पारित गरेको छ । रासस

## मोटरसाइकल...

८६६४ का मोटरसाइकल चालक मनकामना–६, गोरखाका २२ वर्षीय धनबहादुर गुरूङ, ना १९ प १८०५ का चालक भरतपुर–१० का रविन्द्र शर्मा, सोही मोटरसाइकलको पछाडि बसेका गीतानगर–१ का २३ वर्षीय विजय ओझा र ना २१ प ७५४४ नम्वरको मोटरसाइकलका चालक महेशकुमार अधिकारी घाइते भएका छन् ।

गुरूङ मध्यक्षेत्र प्रहरी तालिम केन्द्र, भरतपुरमा कार्यरत रहेको जिल्ला प्रहरी कार्यालय, चितवनले जानकारी दिएको छ ।

गुरूङको दाहिने खुट्टामा चोट लागेको छ । उनको कलेज अफ मेडिकल साइन्सेज, भरतपुरमा उपचार भइरहेको चितवन प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक सञ्जयबहादुर राउतले जानकारी दिए ।

दुर्घटनामा घाइते भएका भरतपुरका रविन्द्र शर्माको दाहिने खुट्टा र अनुहारमा चोट लागेको तथा सोही मोटरसाइकल पछाडि बसेका विजय ओझाको अनुहार र दुवै खुट्टामा चोट लागेको र उनीहरूको नारायणी सामुदायिक अस्पताल, भरतपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

सोही दुर्घटनामा घाइते भएका अर्का मोटरसाइकल चालक महेश अधिकारी उपचारपछि घर फर्केका प्रहरीले जनाएको छ । प्रत्यक्षदर्शीका अनुसार अचानक बाटोमा मोडिन लागेको रिक्सालाई जोगाउने क्रममा तीन वटा मोटरसाइकल एक आपसमा जुधेका थिए ।

दुर्घटनामा परेका तीनवटै मोटरसाइकल जिल्ला प्रहरी कार्यालय, चितवनले नियन्त्रणमा लिएको छ ।

## 'युवा एकीकृत भएमात्र समृद्धि सम्भव'

सञ्चारपत्र सम्वाददाता
भरतपुर, ३ कात्तिक

युवाहरूको शक्ति एकीकृत भएमा मात्रै देश समृद्धितर्फ जाने चितवनका विभिन्न क्षेत्रमा क्रियाशिल व्यक्तिहरूले बताएका छन् ।

युवा शक्ति विदेशिने क्रम तीव्र रहेको भन्दै उनीहरूले युवा शक्ति एकीकृत भएर युवाहरूको श्रम, सीपलाई स्वदेशमै उपयोग गर्नुपर्ने बताएका हुन् । मातृभूमिका लागि युवा अभियानको पहिलो जिल्ला भेलाका वक्ताहरूले युवाहरूलाई स्वदेशमै बस्ने वातावरण बनाएर नेपाललाई समृद्धितर्फ लैजानुपर्ने बताएका हुन् ।

भेला आयोजक समितिका संयोजक विष्णुमाया पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी चितवनका सभापति हरीप्रसाद न्यौपाने प्रमुख अतिथि थिए । कार्यक्रममा भरतपुर नगरपालिकाका सामाजिक विकास अधिकृत रामकृष्ण ढकाल, माइती नेपालका क्षेत्रीय संयोजक युवराज दवाडी, महिला तथा बालबालिका पुनर्स्थापना केन्द्र आदर्श गृहकी संयोजक मिना खरेल, सेतो गुरास बालविकास केन्द्रकी सचिव शान्ति अधिकारी, नेपाली काग्रेस चितवनकी सदस्य सरिता केसी, दलित महिला संघ चितवनकी अध्यक्ष कल्पना नेपाली लगायतले बोलेका थिए ।

सोही कार्यक्रममा मातृभूमिका लागि युवा अभियान चितवन शाखा पनि गठन गरियो । अभियानको चितवन शाखा अध्यक्षमा अधिवक्ता श्रीराम दवाडी, वरिष्ठ उपाध्यक्ष डा. हरीप्रसाद कूडेल, उपाध्यक्ष प्रतिमा सिलवाल, महसचिव केशव पाठक, सचिव रामकृष्ण लम्साल र कोषाध्यक्षमा कल्पना नेपाली रहेका छन् ।

१७ सदस्यीय कार्य समितिका सदस्यहरूमा सावित्री सापकोटा, केशव शर्मा, गोपाल प्रसाद पौडेल, रूकु अधिकारी, रामकुमारी पन्त, संगीता सापकोटा, निर्मल भट्टराइ, मञ्जु कँडेल, नारायण प्रसाद सापकोटा र कपिल राउत रहेका छन् । एकजना सदस्य पछि मनोनित गरिने बताइएको छ ।

## शक्तिखोरमा निशुल्क दन्त शिविर
## चेपाङलाई गाउँमै स्वास्थ्य सेवा

सञ्चारपत्र सम्वाददाता
रत्ननगर, ३ कात्तिक

सपना भिलेज सोसल इम्प्याक्ट, सपना भिलेज लज, जर्मनी संस्था ओपनआई र रत्ननगर अस्पतालको संयुक्त आयोजनामा पूर्वी चितवनको शक्तिखोरमा आईतबार निशुल्क दन्त शिविर गरिएको छ ।

शिविरमा एक सय आठ जना दाँतका बिरामीको उपचार गरिएको सोसल इम्प्याक्टका अध्यक्ष ध्रुव गिरीले जानकारी दिए ।

जर्मनी विशेषज्ञहरूको टोलीले स्वास्थ्य परीक्षण गरेको उक्त शिविरमा ब्रस र मन्जन पनि वितरण गरिएको थियो । शिविरमा दाँतका विरामीहरूको दात उखेल्ने, सिमेन्ट भर्नुका साथै दाँतमा लाग्ने रोगबाट बच्ने उपायका बारेमा पनि जानकारी गराईएको थियो । कार्यक्रम सपना भिलेज सोसल इम्प्याक्टका अध्यक्ष ध्रुव गिरीको अध्यक्षतामा भएको थियो ।

यसैगरि, चितवनको पहाडी गाविस सिद्धिका विपन्न चेपाङ समुदायलाई गाउँमै स्वास्थ्य सेवा दिइएको छ । बाल कल्याण संस्था अष्टेलिया, बाल कल्याण संस्था नेपाल र गामबेसीको चेपाङ संरक्षण केन्द्रले आइतबार सिद्धिमा एक दिने स्वास्थ्य शिविर सञ्चालन गरेपछि चेपाङहरूले गाउँमै स्वास्थ्य सेवा पाएका हुन् ।

शिविरमा दुई सय दश जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । महिला पुरूष बराबरी सँख्यामा उपचारका लागि आएका थिए । चेपाङ महिलाहरूमा प्रसुतीरोग, घाउ खटिरा र बालबालिकामा कुपोषणको समस्य रहेको पाईएको बाल कल्याण संस्थाका केशव खनालले जानकारी दिए । शिविरमा उपचार सम्भव नभएका २४ जना बिरामीलाई भरतपुर अस्पतालमा लगेर संस्थाकै खर्चमा उपचार गराईने खनालले बताएका छन् ।

शिविरमा चितवन मेडिकल कलेज भरतपुरका डाक्टर राजेश पाण्डे, बाल कल्याण संस्था अष्ट्रेलियाका डाक्टर केलिडा नेललगायतको टोलीले स्वास्थ्य परीक्षण गरेको थियो ।

## सामाजिक सञ्जाल

facebook twitter

**समसामयिक विषवस्तुमा सामाजिक सञ्जालमा व्यक्त धारणाहरू:**


**भरत पोखरेल**

१२ बर्ष जति चलेको सशस्त्र आन्दोलनका कारण 'गाउँमा बस्ने वातावरण नभएको' भन्दै युवा वाहिरिए । आन्दोलनमा लाग्ने जंगल पसे नलाग्ने खाडी तिर सोझिए । राजतन्त्र गयो जंगलको शक्ति शहर छिर्‍यो तैपनि युवामा आशाको सञ्चार भएन । यस अवधिमा पनि म्यानपावरका क्याप लगाएका युवाहरूको लर्को त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कम भएन । यो लर्कोमा विगतमा बन्दुक बोकेका वा नबोकेका, कुनै वादको बर्को ओढेका वा नओढेका सबै कुँडुलो परेका छन् ।


**दिपक श्रेष्ठ**

नेपालीको पहिचान सवैभन्दा ठूलो पहिचान होइन र ? धेरै क्षेत्र बनाएर प्रसाशनिक ख़र्च मात्र वढाउने ? पहिचान भन्दा देश विकास महत्वपूर्ण होइन र ? दलहरूको घोषणापत्रमा प्रत्येक क्षेत्रको विकास र प्रशासनिक खर्चको श्रोत के हो ?


**राजन रिमाल**

नेता पनि कस्ता कस्ता, हामीले जे भन्छौं त्यहि गर्छौं भन्न थाले । यसो भनिरहँदा अघिल्लो संविधानसभामा संविधान वनाउँछु भनेका थिएनन् र ? खै त संविधान ? हलो अड्काएर गोरू चुटी राख्न बानी परेकाहरूले जनतालाई अरू रङ्गी चङ्गी सपना देखाउनु भन्दा संविधान जारी गर्ने कुरा मात्र प्रतिबद्धता देखाए कसो होला । धेरै लेखेर काम नगर्नु भन्दा मुख्य बुँदालाई पुरा गरे देश र जनताको भलो हुने थियो कि ?

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | पुजापाठमा मन जाला धार्मीक कार्यमा रूची बढ्ला | तुला | समय सन्तोषजनक छैन, काम गर्दा बिचार गर्नुहोला |
| वृष | मंगलकार्यमा मन जानुका साथै पढाइमा रूची बढ्ला | वृश्चिक | नयाँ काम थाल्दा राम्रो भएपनि बिचार गर्नुहोला |
| मिथुन | लेखन कार्यमा मन जाला बोलीको प्रभाव बढ्ला | धनु | समय मध्यम खालको छ, यात्राको अवसर मिल्ला |
| कर्कट | विपरीत लिङ्गीको सहयोगले उत्साही बनाउने छ | मकर | प्रेम प्रसङ्ग चल्नेछ, दैनिक काम गर्दा उत्साह जाग्ला |
| सिंह | नयाँ ठाँउको भ्रमण गर्दा मनलाई शान्ति मिल्ला | कुम्भ | समय तपाइको पक्षमा आउँदैछ, सदुपयोग गर्नुहोला |
| कन्या | समयको सदुपयोग गर्न सकेमा तपाइलाई राम्रो | मीन | मनमा प्रशन्नताले काम राम्रो हुँदै जाने योग छ |

# शिक्षा सँगै संस्कार पनि दिन सिकौँ

**विचार**

**प्रदिप चौलागाई**

मानिस औपचारिक शिक्षा प्राप्तिको लागि लाखौँ रुपैयाँ खर्च गर्दछ तर संस्कार प्राप्तिको लागि उ शुन्य हुन्छ । भनिन्छ 'शालिनता विनाको जीवन व्यर्थ छ ।' आखिर शालिनता भनेको के हो त ? विद्याले त औपचारिक शिक्षा मात्र दिनसक्छ तर त्यहि बिचमा शालिनता पनि मिश्रित भइदिए संस्कारी बन्न मद्दत पुग्छ । मानव सभ्यताको विकाश क्रमसँगै मानिसलाई अघि बढ्न एउटा गोरेटोको आवश्यकता पर्दछ । त्यो बाटो उसको मन मस्तिष्क अनि लगनशिलतापूर्वक आर्जन गरेको ज्ञानले तयार गरिदिन्छ ।

आज विश्वमा शिक्षा प्राप्त गर्न मानिसहरू विभिन्न विश्वविद्यालय अनि शैक्षिक संघ-संस्थामा धाउने गर्दछन् । लाखौँ रुपैयाँ तिरेर महङ्गा कलेज र युनिभर्सिटी पढ्ने गर्दछन् । तर त्यहाँ उनीहरूले शिक्षा मात्र प्राप्त गर्दछन् जहाँ शिक्षकद्वारा अध्यापन गराईन्छ । अनि जुन शिक्षकसँग ज्ञान लियो त्यही शिक्षकलाई अभद्र व्यवहार गर्न पछि पर्दैनन् । किनकी त्यो शिक्षकले विद्यार्थीलाई केवल शिक्षा मात्र दिएको हुन्छ । उसले त संस्कार पनि दिनुपर्थ्यो, तर संस्कार दिने शिक्षकसँगले नै पहिले संस्कारयुक्त हुनुपर्ने आवश्यकता महशुश गर्न थालिएको छ । यहाँ संस्कारी बन्न र चरित्रवान व्यक्ति बन्नको लागि महङ्गा शिक्षालयका शिक्षकहरूसँग लिने शिक्षा मात्र होइन आध्यात्मिक गुरूहरूसँग ज्ञान लिनु आवश्यक देखिन थालेको छ । सबै शिक्षकले संस्कार दिन जान्दैनन् तर हरेक गुरूले शिक्षा र संस्कार दिन जानेका हुन्छन् । किनकी उनीहरू संस्कारी सँगै शिक्षित पनि हुन्छन् ।

आज विश्व भनौँ वा हाम्रै देश नेपालको कुरा गरौँ, जति अराजक बन्दैछ त्यो सबै संस्कारकै कमिले हो । कुसंस्कारबाटै मानिसमा दम्भ, घमण्ड, व्यभिचार, भय त्रास र अत्याचारको जन्म हुन्छ । जबसम्म समुदाय अनि राष्ट्र संस्कारी बन्न सक्दैन तबसम्म यस्ता अस्थिरता र अराजक गतिविधि भइ नै रहन्छ । हामी संस्कारका कुरा गर्छौं, आखिर के हो त संस्कार अथवा यो कसरी प्राप्त हुन्छ भन्ने सम्बन्धमा सर्वप्रथम मानविय स्वभावलाई नियाल्नु पर्ने हुन्छ । मनिसको स्वभाव नै उसको धर्म हो र त्यही नै उसको संस्कार हो । जस्तै, पानीको स्वभाव शितल प्रदान गर्नु र आगोको स्वभाव ताप दिनु उनीहरूको धर्म हो भने मानव भित्र रहेको आ-आफ्नो प्रकृति वा स्वभावले उसको संस्कारलाई पनि झल्काइरहेको हुन्छ ।

हामी दुई पैसा कमाउँछौँ अनि आ-आफ्ना छोरा छोरीको भविष्य प्रति चिन्तित हुन्छौँ । विचार गर्छौं कि मेरो सन्तानलाई सबैभन्दा महङ्गो विद्यालयमा भर्ना गर्न सके मेरो सन्तानको भविष्य सुन्दर हुनेछ । अनि कसैले फलानाको छोरा यति महङ्गो कलेजमा पढ्दैछ, म त उ भन्दा प्रतिष्ठित मान्छे मैले त्यो भन्दा महङ्गो कलेजमा पढाउनु पर्छ । यस्ता छाप आजका अभिभावकमा अधिकांश रहेको पाइन्छ तर संस्कार प्रति खोइ चिन्ता ? संस्कार त अभिभावकबाटै जान्न सक्छन्, छोराछोरीहरूले । आज छोराले केही कुराको जिद्दी गर्‍यो भने उसले जे भन्यो त्यही पुर्‍याउन तम्सिने हामी कहिल्यै उसलाई साथमा राखेर ज्ञानका दुई चार शब्द सुनाएका छौँ ?

यदी बच्चाले गल्ती गर्‍यो भने हामी खुसी हुन्छौँ, अनि आहा ! मेरो छोराले कति चाँडै बोल्न या यस्तो पनि सिकेछ भन्छौं । तर हामी आफ्ना सन्तानलाई संस्कारी बनाउन, आध्यात्मिक बनाउन कहिल्यै ध्यान दिँदैनौ । किनकी अभिभावक आफैँ त्यो संस्कार मिचेर धेरै अघि बढिसकेका हुन्छन् । आज कुनै कलेज पढ्ने विद्यार्थीले आफ्नो शिक्षकलाई किन शिर निहुराएर नमस्कार गर्दैन ? किनकी उसले त झुक्न जानेकै हुँदैन । शिक्षकले पनि झुक्न सिकाएकै हुँदैन । ती शिक्षकले त केवल शिक्षामात्र प्रदान गरेका हुन्छन्, संस्कार होइन ।

संस्कारले मात्र झुक्न सिकाउँछ, अनि गुरू वर्ग तथा मान्यजन प्रति श्रद्धाको भाव सिर्जना गराउँछ । गुरुहरू, 'जो झुक्न सक्छ उ सारा दुनियाँलाई झुकाउन सक्छ' भन्ने भनाईबाट परिभाषित हुन्छन् । आज हरेक युवामा घमण्ड र प्रतिशोधको भाव कहाँबाट आयो ? त्यही संस्कारको कमिले हो । राजनीतिक दलका सामान्य कार्यकर्ता देखि उपल्लो तहका नेताहरूसम्म अरूलाई चाहिँ आफुभन्दा साना देख्ने परम्परा कहाँबाट आयो ? त्यही संस्कार नभएर होइन ? कसैले कसैलाई नैतिकवान र आदर्शको पात्र किन मान्न सक्दैनन् ? आफु गलत भएपनि आफ्नै अडान र सर्तमा अडिक रहिरहन्छन्, किनकी उनीहरूमा केही दम्भ अनि घमण्डको प्रभाव छ, त्यहाँ कुनै संस्कार छैन ।

एउटा अभिभावकले आफ्नो नानी बाबुलाई तातेताते गराउने बेलामा दन्त्य कथाहरू सुनाएर, परीका कथाहरू भनेर आफ्ना नानीबाबुलाई संस्कारको बाटो तर्फ डोर्‍याउने बेलामा हामी उसले जे माग्छ त्यो पूरा गरिदिएर संस्कार तर्फ लाग्ने उसको समयको वर्बाद गरिदिएका हुन्छौँ । आज समाजमा हत्या, हिंसा, अपहरण, आतंक र बलात्कार जस्ता अराजक गतिविधिहरू दिनानुदिन किन बढिरहेका छन् ? हाम्रा अग्रजहरूको समयलाई विश्लेषण गर्ने हो भने नारीहरूलाई आदर्शको रूपमा चित्रण गरेको पाइन्थ्यो । तर आज तिनै नारीहरूको अस्मिता धमाधम लुटिँदैछ । स्त्रीलाई आदर्शको रूपले हेर्ने मानवीय दृष्टि लोप भइसकेको छ । विश्लेषण गरौँ यस्तो किन भइरहेको छ ?

आफ्नै दाजुभाइ सम्मलाई झुक्याएर, प्रलोभनमा पारेर ठग्ने परम्पराले संस्कारको रूप लिइसकेको छ । आजको समयमा साँचो मर्यादा, प्रेम, स्नेह, वात्सल्यको प्रादुर्भाव रहेको पाईदैन । यस युगमा कसैसँग साँचो अनि चोखो मनले कुनै किसिमको नाता सम्बन्ध गाँस्नु पनि आफैमा चोट पुर्‍याउनु सावित हुन्छ । किनकी गाँसेको सम्बन्ध नै आज चरित्रहिन र कमजोर छ, त्यो सम्बन्धको डोरी जसले जता तान्यो उतै तन्किने खालको छ । त्यो पनि नैतिकताको अभावले गर्दा भएको हो र त्यो नैतिकता संस्कारकै कमिले गर्दा गुमिसकेको हुन्छ । यदि कोहि व्यक्तिसँग सम्बन्ध आठ दश वर्ष टिक्यो भनेर गर्व गर्नुपर्ने अवस्था छैन किनकी त्यो सम्बन्ध यथार्थपरक र निश्चल रूपमा नचलेको हुनसक्छ ।

कुनै यस्तो दिन पनि आउन सक्छ आफैलाई धमिलो देखेर पश्चतापको घेराभित्र बाँधिनु पर्छ । जब हामी संस्कार पूर्वक वा रितपूर्वक कुनै पनि कार्य गर्दैनौँ त्यसले पूर्णता प्राप्त गर्न कठिन छ । एक मिनेट अघिसम्म सवैको विश्वास जितेर सुपात्र बनेका व्यक्तिहरूले १५औँ वर्षदेखिको त्यो विश्वास मिनेट भरमा तोडिदिन्छन् । अनि केहि क्षण अघिसम्म सुन्दर देखिएको तारिफ गर्न लायक त्यो विश्वास केहि बेरमै घृणा र मरूभूमिमा परिणत हुन्छ । अनि कहिल्यै पनि त्यस सम्बन्धमा अँधेरो नदेखेको उसले भर्खरदेखि त्यो रूपमा उज्यालो पाउन सक्दैन । त्यसैले गर्दा उसले सारा संसार अँध्यारो र मरूभूमि देख्न थाल्छ, जसलाई केहि बेर अघिसम्म वर्षौंदेखि हरियाली, मनोरम, ठानेको थियो तर आज यो सबै किन भयो ? किनकी कुनै चिज वा एकअर्का प्रति आदर्श र मर्यादाको भाव नै छैन । अनि अरू नै कुनै कुरामा रम्न थाल्छ पहिला आफु रमाएको ठाउँलाई सदाको लागि खडेरी बनाएर जान्छ, त्यो पनि कहिल्यै नपलाउने गरि । आखिर किन ? एकले अर्काको महत्व र भावना बुझ्न सकेनन् किनभने उसमा त्यो बुझ्न सक्ने क्षमता नै छैन । सत्चरित्रमाथि कुनै पनि किसिमको प्रश्न चिन्ह खडा हुँदैन किनकी सत्चरित्रताले त्यस्तो प्रश्न उठाउने मौका नै दिएको हुँदैन । आफ्नो जीवनलाई परोपकारी बनाउन सकिएको खण्डमा सत्चरित्र आफै प्राप्त हुन्छ र परोपकारी बन्नको लागि सुसंस्कारी बन्न आवश्यक छ । आज नेपाली समाज, राष्ट्र अनि सिंगो मानव समुदाय यहि संस्कारको अभावले वितृष्णा र अविश्वासको पात्रतिर उन्मुख भइरहेको छ । जसको फलस्वरूप आज संसारलाई एक विश्वासघाति र मानिसको जीवनमा खेलवाड गर्ने खेल मैदानको रूपमा ब्याख्या गर्न गाह्रो छैन । यस दुनियाँमा न त कसैसँग साँचो र चोखो व्यवहार नै गर्न उपयुक्त छ न त साँचो प्रेम नै । यस्तो अवस्था तोडेर सुसंस्कारयुक्त बन्न नलागे कुसंस्कारले आफैलाई ध्वस्त पार्नेछ ।

## अन्तर्राष्ट्रिय समाचार

### शान्तिवार्ताको लागि पहल

दमासकस, ३ कात्तिक । संयुक्त राष्ट्र सङ्घ र अरब लिगका शान्ति दूत लाख्दार ब्राहिमीले सिरियाको राजधानी दमासकसमा भएको आत्मघाती कारबम विस्फोटपछि सिरियामा हाल चलिरहेको द्वन्द्व अन्त्यको लागि शान्ति वार्ताको पहल गरेका छन् । सिरियाको राजधानी दमासकसनजिकै अवस्थित एक जाँचचौकीमा भएको आत्मघाती कारबम आक्रमणमा १६ सिरियाली सैनिकको मृत्यु भएको घटनापछि सिरियाको लागि सक्दो छिटो शान्ति वार्ता हुनु पर्ने विषयमा उनले पहल थालेका हुन् ।

ब्राहिमीले इजिप्टका विदेशमन्त्रीसँग गरेको भेटवार्ताको क्रममा जेनेभामा आगामी महिना हुन गइरहेको शान्तिवार्ता सम्मेलनको विषयमा छलफल गरेको बताइएको छ । सिरियाली राज्यद्वारा सञ्चालित सञ्चार माध्यमका अनुसार दमासकसनजिकै म्लेहा तथा जारामानामा क्रिश्चियन समुदायको बसोवास रहने गरेका क्षेत्रमा आतङ्ककारीहरुले गरेका आक्रमणमा शनिबार कम्तीमा १६ सरकारी सैनिकको मृत्यु भएको छ । तर सिरियन अब्जरभेटरी फर ह्युमन राइटस्का अनुसार विद्रोहीको नियन्त्रणमा रहेको यस नगरमा अल कायदासँगआवद्ध अल- नुस्र फ्रन्टका आत्मघाती बम आक्रमणकारी सो आक्रमण गरेका हन् । सो आक्रमणमा कम्तीमा १६ सैनिक र १५ जिहादाहरुको मृत्यु भएको अब्जरभेटरी जनाएको छ । रासस/एएफपी

### एघार व्यक्ति अपहरणबाट मुक्त

आङ्कारा ,३ कात्तिक । लेवनानमा दुई महिना अगाडि अर्थात सन् २०१३ को अगस्ट ९ का दिनमा अपहरणमा परेका टर्कीका दुई जना विमान चालक शनिबार मुक्त भएका छन् ।

ती दुई चालकहरू शनिबार साँझ टर्की विमानस्थलमा आइपुगेका स्थानीय समाचार समिति एनटिभीले जनाएको छ । स्थानीय समयअनुसार करिब ११ बजे राती ती विमान चालकहरु इस्ताबुलस्थित आतातुर्क विमानस्थलमा पुगेका जनाइएको छ । ती चालकहरुलाई टर्कीका प्रधानमन्त्री रेसेप तायिप इर्डोगान र चालककहरुका परिवाजनले विमानस्थलमा स्वागत गरेका जनाइएको छ । त्यसैगरी सत्र महिना अगाडि अर्थात सन् २०१२ को मे महिनामा सिरियाको आलेप्पोबाट अपहरित नौं लेवनानीहरू पनि मुक्त भएका छन् ।


**साझा कुरियर**

DHL EXPRESS ARAMEX

UNITED AIR EXPRESS LTD

DHL Express

शाखा ईन्चार्ज : शंकरसिंह गुरुङ

फोन : ०५६-५७१७६३, ९८४६३५०५८७, ९८०२९०१२०४

**साझा कुरियर प्रा.लि.**

शहीदचोक, नारायणगढ, NIC बैंकको भित्र

यहाँ स्वदेश तथा विदेशको लागि चिठी, पार्सल विदेशको कुनै पनि ठाउँमा सस्तो मूल्यमा छिटो छरितो पठाउनु परेमा हामीलाई सम्झनुहोला ।

नोट DHL कुरियरबाट विदेशको कुनै पनि ठाउँमा ७२ घण्टामा सामान पुग्छ

**स्वाद र भेराइटीहरूको नयाँ नाम**

प्रो. भेषराज तिमिल्सिना

**रोयल थकाली भान्छा एण्ड सेकुवा प्वाइन्ट**

रिजालचोक भरतपुर-१०, चितवन

फोन : ९८५५०२३७४८, ९८४५०२३७४८

सेकुवा, मम, चाउमिनका साथै खाजा सेट तथा थकाली खानाको राम्रो व्यवस्था छ ।

सफा सुग्घर र स्तरियताको पहिचान, एक पटक पुग्नैपर्ने ठाँउ रोयल थकालि भान्छा एण्ड सेकुवा प्वाइन्ट ।

**स्वस्थ जीवनको लागि एक्वा पियूष मिनरल वाटर**

AQUA PIYUSH Pure Drinking Water

आधुनिक अमेरिकी रिभर ओसमोसिस प्रविधिबाट प्रशोधन गरिएको Double sterillzed भएको एक्वा पियुष मिनरल वाटर सधैं प्रयोग गरौं, स्वस्थ रहौं ।


**सुमन मिनरल वाटर एण्ड बेभरेज इण्डष्ट्रिज**

गैडाकोट-८, नवलपरासी, फोन : ०५६-५०१५५०

**आकर्षक घर बिक्रीमा**

घरका विशेषताहरू

१) ४ तला भएको ।
२) गाडी राख्ने ग्यारेज भएको ।
३) फूल लगाउने बगान भएको ।
४) पूरा मार्बल भएको ।
५) ४ तल्लामा मन्दिर भएको ।
६) बिना दलाल, बिना झन्झट




तु. सर्म्पक

मोः- ९८४५०४३३०१ फोनः-०५६-५६२००२, पसल

निवास ०५६-५६२४३४

**Study in Japan**

- Above +2 pass student can apply.
- Hi VISA success rate.
- No VISA No charge.
- City & school your choice.
- After VISA Payment.
- Parttime Job supported.
- JLPT/Nat test preparation class.

Other service

- Norway (Residency permit).
- Student VISA Australia, Poland, USA, UK, Newzeland.
- English & Japanese language class.
- IELTS class.

हरेक आईतवार जापानीज भाषाको नयाँ कक्षा हुने

Member of ECAN

Linkusa Education Consultancy Services Pvt. ltd.

Shaheedchowk, Narayanghat (Way to Ganesh Hall)

Contact: 056-528147




Australian education is known for International repute and distinction. The benefits of living and learning there are both personal and academic yet the costs remain competitive.

So pursue your education in Australia and get a genuine advantage over other graduates as you will receive quality education that will help build your strong foundation for future success.

Our extensive network in Australia allows you to find the best academic program that best suits your personal, professional and academic goals at the right colleges and universities.

Call us today to learn more.

LANDMARK EDUCATIONAL CONSULTANCY

NIC Bank Building, Saahid Chowk, Chitwan
Tel: 056-571825~www.landmark.edu.np

Head Office: New Plaza Marg (Opp. Kumari Bank), Putalisadak, Kathmandu, Nepal
Tel: 977-01-4442781~Fax: 977-01-4442740~E-mail: info@landmark.edu.np

Branch Office: Milan Chowk , Butwal~Tel: 071-229185

QEAC D274 AUSTRALIA

Join us on: | Membership No. 007/2006/07 ECAN

**भारतमा +2 पछिको छात्रवृत्ति @ ETI**

विगत १२ वर्षदेखि डाक्टर, नर्स, प्राध्यापक एवं शिक्षाविद्हरूद्वारा सञ्चालित काठमाडौं बाहिरकै पुरानो एवं उत्कृष्ट संस्था ETI मा +२ पछि भारतका सयभन्दा बढी कलेजहरूमा विशेष छात्रावृत्तिमा भर्ना खुल्यो-

**Free Counselling एवं Free air ticket to India**

कोर्षहरू :

- B.Sc. Nursing
- Staff Nurse (+2 any brand)
- BDS/MBBS
- B. Engineering
- BPT/B. Pharmacy/BMLT
- BBA, BHM, MBA
- MPHIL, PHD
- लोकसेवा तयारी कक्षा
- Nursing Liscensing तयारी कक्षा
- कक्षा ११ एवं १२ मा पढिरहेकालाई B.Sc. Ag, B.Sc Nursing MBBS, B.E. का तयारी कक्षाहरू बाह्रै महिना सञ्चालित छन् ।

**एभरेष्ट टच इन्षिटच्यूट (ETI)**

RIST ACADEMY सँग सहकार्य

भरतपुर एयरपोर्ट अगाडि, चौबीसकोठी, चितवन, फोन : ०५६-५३१८०९, मो. ९८४५०२३०६१

**परिचय**

आज संसारबाट लोप हुँदै गैरहेको जंगल जोगाउन एउटै मात्र उपाय काठबाट उत्पादित वस्तुहरुको विकल्पमा अन्य...
आज हामी सिमेन्ट र कंक्रिटको मिश्रणबाट तल उल्लेखित विभिन्न वस्तुहरु उत्पादन गर्न गइरहेका छौं । आदरणीय ग्राहक महानुभावहरु, तपाईंहरुले हामीकहाँ उत्पादित सामाग्रीहरु खरिद गरी वातावरण जोगाउन, निर्माणमा लागत मूल्य घटाउन सहयोग गर्न सक्नुहुनेछ । हामी तपाईंहरुलाई ७० वर्ष ग्यारेन्टीका साथ आधुनिक मेशिनबाट उत्पादित वस्तुहरु विक्री गर्न गैरहेका छौं । तपाईंहरुको सहयोग नै हाम्रो सफलता रहनेछ ।

**हाम्रा विशेषताहरु**

- ✔ ओ.पि.सि. सिमेन्टबाट निर्माण गरिएको ।
- ✔ धोएको बालुवा ल्याब टेष्ट गरेर मात्र प्रयोग गरिएको ।
- ✔ क्रशर गिट्टी प्रयोग गरिनेछ ।
- ✔ २२ दिनसम्म क्यूरिङ गरिएको ।
- ✔ आवश्यक साईज र डिजाइनमा उपलब्ध गराइने ।
- ✔ भाईब्रेशन मेशिनद्वारा तयार गरिएको ।
- ✔ ७० टन क्यापासिटी भारवहन क्षमताबाट उत्पादित मोज्याक, टायल निर्मित ।
- ✔ ढलानको पिल्लर, विम र स्ल्याम एकुरेट राख्न सहयोग गर्ने कंक्रिट गुड्का निर्मित ।
- ✔ ग्रील सहित झ्यालको चौकोस तयार गरिने ।
- ✔ सिङ्गल खाच तथा जाली पल्लाको लागि डवल खाच चौकोस तयार गरिने ।







**गुट्का विशेषताहरु**

- ✔ विमको गुट्काले विमलाई सिधा बनाउन मद्दत गर्दछ ।
- ✔ पिल्लरको गुट्काले पिल्लरलाई सिधा बनाउन मद्दत गर्दछ ।
- ✔ स्ल्याबको गुट्काले स्ल्याबलाई एउटै लेवलमा राख्दछ ।

**गुट्का फाइदाहरु**

डण्डीलाई लेबलबाट दाँयाबाँया जान दिँदैन । एउटै लेबलमा राख्छ र पुरै डण्डीलाई आर.सि.सि.ढलानले छोपिन्छ । डण्डीमा हावा छिर्न पाउँदैन र डण्डीलाई खिया लाग्नबाट जोगाउँदछ र हाम्रो भवनको आयु लामो बनाउन मद्दत पुर्‍याउँदछ ।

**गुट्काको प्रयोग नगर्दा**

ढलाईको बेला डण्डी लेबलमा बस्दैन र यदि डण्डी लेबलमा नहुँदा डण्डीलाई पूरै आर.सि.सि.ढलानले छोप्न सक्दैन । ढलाईबाट डण्डी नछोपिँदा, त्यसलाई प्लास्टरले छोप्दा पनि प्लास्टरबाट हावा र पानी छिर्न सक्छ र हावा र पानीले गर्दा डण्डीमा खिया लाग्छ । जसले डण्डीलाई नष्ट पारिदिन्छ र घरको आयु घट्दछ ।

**श्री ओमशान्ति कंक्रिट उद्योग**

चैनपुर-१, बहेराचोक, चितवन, नेपाल

मो. ९८५११४२९१२, ९८५५०५८८१३, ९८०३६०५३४३

इमेलः info@OmShantiConcrete.com

वेबसाईटः www.OmShantiConcrete.com

# आवश्यकता

सञ्चारपत्र दैनिकको लागि **बजार व्यवस्थापक र बजार प्रतिनिधि** कर्मचारी आवश्यक परेकोले ईच्छुक, योग्य नेपाली नागरिकहरूबाट आफ्नो बायोडाटा सहित निवेदन पेश गर्न सूचित गरिन्छ। अनुभवीलाई प्राथमिकता दिइने छ।

**सम्पर्क** : सञ्चारपत्र दैनिकको कार्यालय

फोन : ०५६-५२७१२७/९८५५०६४२११

इमेल :esancharpatra@gmail.com


## भावपूर्ण श्रद्धाञ्जली



जन्मः २०४१/०५/०४ — स्वर्गारोहणः २०७०/०६/२३

**स्व.शम्भु खनाल**

यस **शहीद स्मृति बहुमुखी क्याम्पस** रत्ननगर चितवनका सहायक प्राध्यापक अतिरिक्त क्रियाकलाप प्रमुख, हाम्रा आत्मीय मित्र तथा मिलनसार, मृदुभाषी, लगनशील व्यक्तित्व **शम्भु खनाल** मोटरसाइकल दुर्घटनामा परी दिवंगत हुनुभएको आज तेह्रौं दिनको पुण्य तिथिमा यस अकल्पनीय दुखद् परिवेशका कारण शोकमा रहनु भएका परिवारजन, इष्टमित्र, साथीभाइ तथा शुभचिन्तकहरुमा परमेश्वरले धैर्यधारण गर्ने क्षमता प्रदान गरून् भनी प्रार्थना गर्दै मृत आत्माको चिर शान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

**राजेन्द्र कुमार श्रेष्ठ**
अध्यक्ष
शहीद स्मृति बहुमुखी क्याम्पस सञ्चालक समिति

**गोकर्ण मल्ल**
क्याम्पस प्रमुख
शहीद स्मृति बहुमुखी क्याम्पस

**लक्ष्मण अर्याल**
सभापति
पब्लिक क्याम्पस प्राध्यापक संघ इकाइ समिति

**ओमप्रसाद लामिछाने**
अध्यक्ष
पब्लिक क्याम्पस कर्मचारी संघ

एवम्

**शहीद स्मृति बहुमुखी क्याम्पस परिवार**
रत्ननगर, चितवन

# एमाओवादी प्रचार प्रसार र अन्तर्क्रियामा व्यस्त

सञ्चारपत्र सम्वाददाता
भरतपुर, ३ कात्तिक

एनेकपा माओवादी चितवनले संविधानसभा चुनावमा आफ्ना उम्मेदवारलाई विजयी गराउन जिल्लाका सबै क्षेत्रमा चुनावी माहौल तीब्र बनाएको छ। एमाओवादीले चुनावी अभियान अन्तर्गत पाँच वटै क्षेत्रमा घरदैलो र प्रसार-प्रचारको कार्यलाई तिव्रता दिएको एमाओवादी जिल्ला संयोजक घनश्याम दाहाल 'अविनास'ले जानकारी दिए।

जिल्लाको सवै चुनावी क्षेत्रमा एमाओवादी उम्मेदवारहरूले पार्टीले जारी गरेको घोषण पत्र लिएर घर दैलो कार्यक्रमममा व्यस्त भईरहेका दाहालले बताए। घरदैलोसँगै एमाओवादीका उम्मेदवारले बजारका व्यापारी, समर्थक, शुभचिन्तक र मतदातासँग छलफल र अन्तर्क्रिया समेत गरेका छन्।

अघिल्लो संविधानसभा चुनावमा जस्तै विजय हासिल गर्न एनेकपा माओवादीका उम्मेदवारहरू जनताको घर दैलोमा गई भोट मागिरहेका एमाओवादी क्षेत्र नम्वर-२ प्रसार प्रचार समितिकि संयोजक संगिता भट्टराईले जानकारी दिइन्।

चुनावी अभियानमा एमाओवादीको तर्फबाट क्षेत्र नम्वर-१ का उम्मेदवार याम बहादुर परियार, क्षेत्र नम्वर- २ का उम्मेदवार विश्वभक्त दुलाल, क्षेत्र नम्वर- ३ का उम्मेदवार नारायण दाहाल, क्षेत्र नम्वर- ४ का उम्मेदवार चित्र बहादुर श्रेष्ठ र क्षेत्र नम्वर-५ का उम्मेदवार अमिक शेरचन घर-घरमा पुगी एमाओवादीको चुनावी एजेण्डाबारे बताउँदै संविधान निर्माणका लागि एमाओवादी उम्मेदवारहरूलाई विजयी गराउन अनुरोध गरेका सो पार्टीले जनाएको छ। घरदैलो र प्रसार प्रचार उनीहरूले जनताका समस्या र संविधानसभामा उनीहरूले चाहेको एजेण्डा समेत बुझिरहेका एमाओवादीका जिल्ला संयोजक दाहालले बताए।

जनताको घर दैलोमा आफु पुग्दा एनेकपा माओवादीप्रति पहिलाको जस्तै उत्साह जनतामा यथावत रहेको र यो पटकको चुनावमा पनि एमाओवादीको जित निश्चित भएको एमाओवादी चितवनका संयोजक घनश्याम दाहाल 'अविनाश'को भनाई छ।

यसैबीच, पूर्वी चितवनको रत्ननगरमा एमाओवादी क्षेत्र नम्वर-२ ले चुनाव प्रचार सम्पर्क कार्यालय स्थापना गरेको छ।

रत्ननगर-१ टाँडी बजारमा स्थापना गरेको सम्पर्क कार्यालयको एकिकृत नेकपा माओवादी क्षेत्र नम्वर-२ का उम्मेदवार विश्वभक्त दुलाल 'आहुती'ले उद्घाटन गरे।

उद्घाटन कार्यक्रमलाई सम्वोधन गर्दै ताम्सालिङ राज्य समिति इन्चार्ज समेत रहेका आहुतीले बर्बादीतिर गईरहेको देशलाई कसरी जोगाउन सकिन्छ भन्ने चिन्ता एमाओवादीलाई मात्र रहेको दावी गरे। देशलाई जोगाउन एमाओवादी मात्र समक्ष पार्टी रहेको उनको भनाई थियो।

त्यस्तै, चुनावी अभियान अन्तर्गत एमाओवादी क्षेत्र नं. ४ प्रचार प्रसार समितिका संयोजक पवित्रा रिजाल 'स्मृति'को अध्यक्षतामा बसेको बैठकले वडा, टोल र गाउँ गाउँसम्म एमाओवादीका उम्मेदवार चित्र बहादुर श्रेष्ठलाई जिताउन प्रचार प्रसार तिव्र पार्ने निर्णय गरेको छ। बैठकले जनताको बीचमा पार्टीको एजेन्डा पुऱ्याउने, दिपावली एवम् छठको शुभकामना आदानप्रदान कार्यक्रम गर्ने निर्णय पनि गरेको क्षेत्र नम्वर-४ निर्वाचन मूल परिचालन समितिका संयोजक सुदर्शन पौडेल प्रज्ज्वलले जानकारी दिए। उम्मेदवार श्रेष्ठलाई विजयी गराउन स्मृतिको संयोजकत्वमा एक सय एक सदस्ययी प्रसार प्रचार समिति तथा क्षेत्रिय संयोजक प्रज्ज्वलको संयोजकत्वमा एक हजार एक सय एक सदस्यीय निर्वाचन मूल परिचालन समिति गठन गरिएको जानकारी गराइएको छ।




यसैगरि, क्षेत्र नम्वर- ३ का एमाओवादी उम्मेदवार नारायणप्रसाद दाहाल पनि आफ्नो क्षेत्रमा चुनावी अभियानमा खटिएका छन्। दाहालले भरतपुर-१, २ र ३ मा चुनाव प्रचारप्रसार समितिको कार्यालय उद्घाटन गरि सोही क्षेत्रमा घरदैलो कार्यको आरम्भ गरेका छन्।

त्यस्तै, एमाओवादी क्षेत्र नम्वर- ५ का उम्मेदवार अमिक शेरचनले सो क्षेत्रका विभिन्न ठाउँका चुनाव प्रचारप्रसार समिति कार्यालय उद्घाटन गर्दै कांग्रेस र एमालेको आन्तरिक द्वन्द्वका कारण पहिचान सहितको संघियतामा सहमति नजुटेको भन्दै अब एमाओवादीले बहुमत प्राप्त गरेको खण्डमा मात्रै जनपक्षिय संविधान जारी हुने दावी गरे। उनले संविधान बनाउन माओवादीलाई बहुमत दिन आग्रह समेत गरे। उनी माडी क्षेत्रको घरदैलोमा गई एमाओवादीको एजेण्डा बारे बताएका थिए।

# एमालेको चुनावी अभियान तीव्र

सञ्चारपत्र सम्वाददाता
भरतपुर, ३ कात्तिक

नेकपा एमाले भरतपुर नगरपालिका ९ नम्वर वडा कमिटिको आइतबार भएको भेलाले आगामी संविधानसभा निर्वाचननमा क्षेत्र नम्वर ४ कि एमाले उम्मेदवार पार्वती रावललाई जिताउन प्रचार प्रसार तीव्र बनाउने निर्णय गरेको छ।

वडा कमिटि अध्यक्ष लिला बल्लभ भुषालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा एमाले चितवनका जिल्ला कमिटि सदस्य घनश्याम भट्टराई प्रमुख अतिथि थिए। कार्यक्रममा एमाले जिल्ला सदस्य विजय विक, क्षेत्रीय अध्यक्ष बच्चुराम भट्टराई लगायतले बोलेका थिए।

भेलाले निर्वाचन प्रचार प्रसार परिचालनका लागि विभिन्न समितिहरू गठन गरेको छ। महिला परिचालन कमिटि, युवा परिचालन कमिटि, आर्थिक संकलन कमिटि गठन गरिएको जनाइएको छ।

त्यस्तै, एमाले फूलबारी गाउँ कमिटिमा आइतबार निर्वाचन परिचालन कार्यालयको उद्घाटन गरिएको छ। एमाले जिल्ला कमिटि सदस्य घनश्याम भट्टराईले उक्त कार्यालयको उद्घाटन गरेका हुन्।

त्यस्तै, नेकपा एमाले चितवन क्षेत्र नम्वर- ३ को चुनावी अभियान अन्तरगत आइतबार कबिलास र भरतपुर नगरपालिका वडा नम्वर- ११ मा सम्पर्क कार्यालय स्थापना गरिएको छ।

भनपा- ११ को चुनावी सम्पर्क कार्यालय उद्घाटन कार्यक्रममा पार्टीका राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य बिजय सुवेदी, क्षेत्र नम्वर- ३ का उम्मेदवार कृष्णभक्त पोखेल, जिल्ला सचिव तेजेन्द्र खड्का, पूर्व सभासद् शारदा कुमाल लगायतले मन्तव्य राखेका थिए।

त्यसैगरी, क्षेत्र नम्वर- ३ का उम्मेदवार कृष्णभक्त पोखेलले आइतबार नै कविलासमा चुनावी सम्पर्क कार्यालय उद्घाटन तथा घरदैलो गरेका छन्। पार्टी गाउँ कमिटि अध्यक्ष धन्कीलाल गुरूङको अध्यक्षतामा भएको कार्यक्रममा एमालेका राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य शैलेन्द्र पिया, शारदा कुमाल, नारायणप्रसाद अधिकारी, रामबहादुर राना, पूर्ण बहादुर श्रेष्ठ लगायतले बोलेका थिए। उम्मेदवार पोखेलले कविलासको जुगेडी , सिमलताल र भोर्लेमा घरदैलो गरेका छन्।

नेकपा एमालेको चुनावी कार्यक्रम अर्न्तगत चितवन क्षेत्र नम्वर- २ को सिद्धिमा आइतबार प्रचारात्मक कोणसभा गरिएको एमालेले जनाएको छ।

एमाले सिद्धि गाउँ कमिटी अध्यक्ष दामाराम चेपाङको अध्यक्षतामा भएको उक्त कार्यक्रममा क्षेत्र नम्वर-२ का एमाले उम्मेदवार कृष्णप्रसाद खनालले आदिवासी, पिछडिएको र सिमान्तकृत वर्गलाई समेट्दै एमालेले घोषणापत्र तयार गरिसकेकोले सोही अनुसार पार्टी अगाडि बढेको बताए। उनले अगामी निर्वाचनमा एमाले देशकै ठुलो पार्टी हुने र सम्पूर्ण वर्गलाई उत्तिकै प्राथमिकता दिई संविधान निर्माणमा लाग्ने पनि बताए। कार्यक्रममा क्षेत्रीय इन्चार्ज गोपी श्रेष्ठ, जिल्ला सचिवालय सदस्य नारायण बन, अनेमसंघ क्षेत्रीय अध्यक्ष पुण्यप्रभा अधिकारी, क्षेत्रीय सदस्य हरि बहादुर प्रजा लगायतले बोलेका थिए।


**BBA मा विद्यार्थी भर्ना सम्बन्धी सूचना**

पोखरा बिश्वबिद्यालय बाट मान्यता प्राप्त

**valley state college**

भरतपुर ९ बसन्तचोकमा शैक्षिक सत्र २०७०/७१ लागि BBA मा भर्ना खुल्यो। भर्ना फारम धमाधाम बितरण भईरहेको छ।

**सिट सिमित छ।**

सम्पर्कः

**valley state college**

फोनः ०५६-५२६६६१, मो. ९८४५०४७२५९

**Study, Work & Settle in Mauritius**

- SLC, +2 Passed Student Can Apply
- 100% VISA success
- No IELTS/TOEFL Required
- Payment after VISA
- Part time Job, Internship and Job
- Credit transfer to USA, UK, CANADA
- Job opportunity in cruise or port after completion of course.
- Discount offer for group student and dependant

OUR PROGRAMS

- Maritime (Cruise) Management
- Hotel Management
- Food & Beverage production Management
- Information Technology (IT)

Special Offer For Nov, 2013 Intake $2700-$2850

**IAE Consultancy**

Pulchowk, Gaindakot
056-502886, 9851154184, 9855064444
यस संस्थाको लागि रिसेप्सनिष्टको आवश्यकता परेको हुँदा तुरुन्त सम्पर्क गर्नुहोला। ggpp0237@gmail.com

**Study in Australia, Japan, India**

We connect you to the universities of your choices.
Our Programs : Diploma/Bachelor/Master
**Best IELTS Center in your town.**
Grab the opportunity to secure high band score

25% DISCOUNT IN IELTS

**Our Office:**
Australia : Tel : +61292804136
Kathmandu : Yeti Plaza- Level6, Bagbazar Tel : + 014167522

**Test Preparation on IELTS, JLPT/NAT**

**Exact Education & Migration Services Pvt. Ltd.**

Ratnanagar, Tandi, Chitwan : 056-561330/562293

**Study in Australia**

Intake: Oct/Nov 2013

Sydney Melbourne Brisbane Perth Adelaide

Courses of Your Choise

Eligibility: +2 Pass
IELTS: 5.5

**BLUE BRIDGE Abroad Education Pvt. ltd**

Lions Chowk,Narayangarh, Chitwan, Nepal
(Opposite to Standard Chartered Bank)
Tel: 056-525736
Email: info@bluebridge.edu.np
A Member of: ECAN

**Study in AUSTRALIA**

ENROLL IN THE TOP UNIVERSITIES AND COLLEGES THROUGH A RANGE OF PATHWAY OPTIONS

DIPLOMA / BACHELORS / MASTERS / HDR

With Mate's, get the most comprehensive and up-to-date information on all the issues that surround the aspirations of students bound for their further studies in Australia. With years of experience in the field, we provide individual counseling and guidance to students so as to prepare them for their life - both academic and personal - in Australia.

Join IELTS PREPARATION CLASSES

www.facebook.com/matesedu

**Mate's education**

CHITWAN: Sahid Chowk, Narayangarh, Tel: 056-571182 / 572183, E-mail: cinfo@matesedu.com

KATHMANDU: Putalisadak, Kathmandu, Tel: 01-4233565 / 566, E-mail: info@matesedu.com

BS MATE'S — AUSTRALIA: Suite 5D, Level 5, 243 Edward St., Brisbane, QLD 4000, T: +61-7-3221 9995, E: binfo@bsmates.com.au

www.matesedu.com // www.bsmates.com.au


कार्यालयः भरतपुर-१०,जिल्ला प्रहरी कार्यालय अगाडि, चितवन, फोनः ०५६-५२७१२७, मोबाईल ९८५५०६४२११ E-mail: esancharpatra@gmail.com, Web: www.chitawan.com मुद्रकः कालिका अफसेट प्रेस, सम्पादक/प्रकाशक-हरिप्रसाद पोखरेल, प्रधान सम्पादक- कृष्ण गिरी